जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १५४ २०७७ साल माघ ३ गते शनिबार (16 Jan. 2021 Saturday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : संविधानको व्याख्या ... ३ पृष्ठमा : जलविद्युत लगानी कम्पनीद्वारा ... ३ पृष्ठमा : बाइडेनद्वारा १९ खर्ब ...

# चिसो बढेपछि दाउरा बाड्दै वन र गाउँपालिका



**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

विगत पाँच दिनदेखी बढेको चिसोका कारण सप्तरीको जनजिवन कष्टर बन्दै गएको छ । बिहानैदेखी वाक्लो हुस्सु र चिसो हावा चल्दा अत्याधिक चिसो बढेको हो ।

यता बढेको चिसो तथा सितलहरबाट बच्नका लागि वन तथा विभिन्न स्थानिय तहले दाउरा बितरणको कार्य सुरु गरेको छ ।

चिसोबाट बढी प्रभावित हुने गरिब असहाय तथा विपन्न परिवारलाई लक्षित गरि डिभिजन वन कार्यालय सप्तरीले दाउरा बितरण सुरु गरेको छ ।

नगर क्षेत्रका साथै ग्रामिण क्षेत्रका चौक, सार्वजनिक स्थानमा आवागमन गर्ने बटुवा तथा विपन्न बस्तिमा बसोवास गर्ने मानिसहरुलाई लक्षित गरि दाउरा बितरण सुरु गरिएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोष झाले जानकारी दिएका छन् ।

यसैगरि जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाले पनि वन कार्यालयको समन्वयमा दाउरा खरीद गरि चिसोले बढी प्रभावित बस्तिमा गएर दाउरा बालेर आगो ताप्ने व्यवस्था मिलाउन लागेको जनाएको छ । गाउँपालिकाका अध्यक्ष सतिश सिंहले गाउँपालिकाका सबै ८ वटै वडाका आवश्यक देखिएका स्थानमा बितरण सुरु गरिने जानकारी दिए ।

आर्थिक अवस्था अत्यन्त दयनिय रहेकाहरुले खान लाउन समेत धौं धौं परिरहेको अवस्थामा उनीहरु आफैले दाउरा बालेर आगो

***बाँकी अन्तिम पृष्ठमा***

# युवा क्लवद्वारा एसईई विद्यार्थी सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

फर्सैठ गाउँको शैक्षिक उन्नयनका लागि फर्सैठ युवा क्लवले बिद्यार्थीहरूलाई सम्मान गरेको छ ।

राजबिराज ११ स्थित आधारभुत बिद्यालय फर्सैठको प्राङ्गणमा आयोजित कार्यक्रममा एसईई पास गरेका २५ छात्रछात्रालाई प्रशंसा पत्रबाट सम्मानित गरिएको हो ।

क्लवका अध्यक्ष ध्रुव देवले फर्सैठका छात्रछात्राहरूको शैक्षिक स्तर बुद्बि सँगै प्रोत्साहन स्वरूप

***बाँकी अन्तिम पृष्ठमा***

# सप्तकोशीका सबै विद्यालय बन्द

**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

सितलहरसँगै अत्याधिक चिसो बढेपछि सप्तरीको सप्तकोशी नगरपालिकास्थित सबै विद्यालय एक साताका लागि बन्द गरिएको छ ।

नगरपालिकाको बोर्ड बैठकले माघ १ देखी माघ ७ गतेसम्म नगरपालिका क्षेत्रभित्र रहेका सबै विद्यालय बन्द गर्ने निर्णय गरेको हो ।

अत्याधिक चिसोबाट बालबालिका बढी प्रभावित हुन थालेपछि स्वास्थ्य सुरक्षाको दृष्टिकोणले माघ ७ गतेसम्मका लागि सबै विद्यालय बन्द गर्ने निर्णय गरिएको नगर प्रमुख उत्तम गौतमले जानकारी दिएका छन् । उक्त नगरपालिका भित्र ११ सरकारी र १२ वटा निजि विद्यालय छन् ।

# दुई स्वास्थ्य चौकीमा पानी शुद्ध गर्ने फिल्टर प्लान्ट हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

कोभिड १९ पूर्वतयारी तथा प्रतिकार्य परियोजना अन्तर्गत सप्तरी समुदायिक विकास केन्द्र नेपाल राजविराजले शुक्रबार सप्तरीको दुई स्वास्थ्य चौकीमा पानी शुद्धा गर्ने फिल्टर प्लान्ट हस्तान्तरण गरेको छ ।

युनिसेफ र एनसीभीको आर्थिक सहयोगमा सप्तरी सामुदायिक केन्द्र नेपालद्वारा सञ्चालित कोभिड १९ पूर्वतयारी तथा प्रतिकार्य परियोजना अन्तर्गत जिल्लाको रुपनी गाउँपालिका वडा नं. ६ स्थित तेरहौता तथा शम्भुनाथ नगरपालिका ८ स्थित भंगहा स्वास्थ्य चौकीमा सो फिल्टर प्लान्ट हस्तान्तरण गरिएको हो ।

क्वारेन्टाइन र आइसोलेशन तथा स्वास्थ्य उपचार केन्द्रहरूमा खानेपानी, सरसफाई, स्वच्छता व्यवस्थापन, पुर्वाधार मर्मत सम्भार तथा नयाँ निर्माण र पानी शुद्धिकरणका लागि फिल्टर प्लान्ट हस्तान्तरण गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन् ।

सो अवसरमा भंगहा स्वास्थ्य

***बाँकी अन्तिम पृष्ठमा***






# नागरिकको जीवनरक्षाका लागि सरकार प्रतिबद्ध छ : मन्त्री श्रेष्ठ

लहान, २ माघ (रासस)।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री लीलानाथ श्रेष्ठले हरेक नागरिकको जीवनरक्षाका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

सिरहाको सुखीपुर नगरपालिका-४ मा आयोजित शीतलहर र चिसोबाट प्रभावितका लागि न्यानो कपडा वितरण कार्यक्रममा उहाँले शीतलहर र चिसोका कारण अनाहकमा कसैले पनि ज्यान गुमाउन नपोस् भनेर सरकारले समयमै विपद् व्यवस्थापनको तयारी गरेको बताउनुभयो।

"विगतका वर्षमा चिसो र शीतलहरका बेला अनाहकमा धेरैले ज्यान गुमाउनुपर्ने अवस्था थियो", मन्त्री श्रेष्ठले भन्नुभयो, "अब यस्तो अवस्था आउन नदिन सरकार गम्भीर छ र हरेक नागरिकको जीवनरक्षाका लागि सरकार प्रतिबद्ध छ।" हरेक वर्ष चिसो मौसमका बेला बालबालिका र ज्येष्ठ नागरिक अत्यधिक समस्यामा पर्ने गरेकाले सोहीअनुसारको पूर्वतयारी गरिएको उहाँको भनाइ छ।

मन्त्री श्रेष्ठले चिसोका बेला खासगरी विपन्न, दलित र गरीब परिवार बाढीपीडित हुने गरेकाले समयमै विवरण सङ्कलन गरेर न्यायो कपडा र राहतको व्यवस्थापन गर्न स्थानीय सरकारसँग आग्रह गर्दै नागरिकको सुरक्षा गर्ने कार्यमा सरकारले कुनै कमजोरी हुन नदिने बताउनुभयो। सिरहा जिल्लाको सडक सञ्जाल बिस्तार, अस्पताल निर्माण, दलितका लागि सामुदायिक भवन र आवास कार्यक्रमलाई सरकारले तीव्ररुपमा अगाडि बढाउने उल्लेख गर्दै उहाँले यस्ता कार्यले जिल्लाको विकासमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा लुम्बिनी प्रदेश प्रमुख धर्मनाथ यादवले नागरिकको सुरक्षा गर्नु सरकारको कर्तव्य भएकाले तीनै तहका सरकारले समन्वय गरी विपद्बाट नागरिकलाई जोगाउनुपर्ने बताउनुभयो। सो अवसरमा मन्त्री श्रेष्ठले ज्येष्ठ नागरिक, आपाङ्ग, विपन्न परिवारका २०० जनालाई न्यानो सिरक वितरण गर्नुभयो।

# संविधानको व्याख्या संवैधानिक इजलासले गर्ने कानूनी व्यवस्था भएको जिकिर

काठमाडौँ, २ माघ (रासस)।

प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालतमा दर्ता भएका रिट निवेदनमाथि संवैधानिक इजलासमा शुक्रबार पनि सुनुवाइ भएको छ। प्रतिवादी नेपाल सरकारका पक्षबाट वरिष्ठ अधिवक्ता विष्णु भट्टराईले शुरुमा बहस शुरु गर्दै कानूनको अन्तिम व्यवस्था तथा संविधानको व्याख्या संवैधानिक इजलासले गर्ने कानूनी व्यवस्था भएकाले अन्य इजलासमा लान नसकिने बताउनुभएको छ।

प्रधानमन्त्रीका तर्फबाट उहाँले नेपालको संविधानलाई मानेर जानुपर्ने भएकाले संविधानको व्यवस्थाको विषय बृहत् पूर्ण इजलासमा लैजान नमिल्ने स्पष्ट गर्नुभयो। "यस विषयमा यहाँ संवैधानिक व्याख्या नहुने भन्ने निष्कर्ष भएपछि मात्र बृहत् पूर्ण इजलासमा लान सकिन्छ", उहाँले भन्नुभयो।

वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारीले नेपालको संविधानले गम्भीर संवैधानिक विषयमा संवैधानिक इजलासको व्यवस्था गरेको र विश्वका ६६ देशमा संवैधानिक अदालत रहेको तथा संविधानको व्याख्या गर्नकै लागि ती अदालत प्रयोग हुने गरेको बताउनुभयो।

अधिवक्ता रमेश बडालले नेपालको संविधान २०४७ मा गम्भीर संवैधानिक विषयका मुद्दा यो इजलासमा हेर्नुपर्छ भन्ने नभएको तर अहिले नेपालको संविधानमा संवैधानिक इजलासको व्यवस्था भएको जनाउँदै संविधानले गरेको व्यवस्था मान्नुपर्ने बताउनुभयो। "सन्दर्भलाई हेर्नुपर्ने हुन्छ। पहिलाको कानूनी व्यवस्थालाई अहिले मान्नुपर्छ भन्ने होइन। संविधानसँगै बाझिएको अवस्थामा मात्र अन्य इजलासमा लान सकिन्छ। अहिले संवैधानिक इजलास यस विषयमा पन्छिन मिल्दैन", उहाँले भन्नुभयो। अधिवक्ता विजय मिश्रले संवैधानिक इजलासले नै बृहत् इजलासको रूप धारण गरेको तर्क राख्नुभयो।

नायब महान्यायाधिवक्ता पदम पाण्डेले अरू इजलासका मुद्दा संवैधानिक इजलासमा पठाउन सकिने तर संवैधानिक इजलासको मुद्दा अन्य इजलासमा पठाउने व्यवस्था नभएको जिकिर गर्दै संवैधानिक इजलासको मुद्दा बृहत् पूर्ण इजलासमा लैजाने कानूनी व्यवस्था नभएको बताउनुभयो।

प्रतिवादी सभामुखका तर्फबाट अधिवक्ता लवकुमार मैनालीले विषयको गाम्भीर्यअनुसार दूरगामी प्रभावलाई हेरेर सुनुवाइ गर्नुपर्नेमा जोड दिनुभयो। एमिकस क्युरीका तर्फबाट वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्कीले संविधानले गम्भीर संवैधानिक विषयको मुद्दा संवैधानिक इजलासले हेर्ने व्यवस्था गरेको जनाउनुभयो। अदालतको क्षेत्राधिकारबारे बहस जारी नै छ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश सपना मल्ल प्रधान, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संवैधानिक इजलासमा सुनुवाइ भइरहेको छ। उक्त विवाद संवैधानिक इजलासमा सुनुवाइ गर्ने वा बृहत् पूर्ण इजलासमा सुनुवाइ गर्ने भन्ने विवाद अझै सकिएको छैन।

रिट निवेदक १३ मध्ये ११ जनाले उक्त विषय बृहत् पूर्ण इजलासमा सुनुवाइ गर्नुपर्ने माग गर्दै पूरक निवेदन दिएका छन्। यसअघि पनि वादीहरुले प्रतिनिधिसभा विघटन विवादको सुनुवाइ बृहत् पूर्ण इजलासमा गर्नुपर्ने आवाज उठाउनुभएको भने सरकारका तर्फबाट महान्यायाधिवक्ता अग्निप्रसाद खरेलले संविधानको व्याख्या गर्ने इजलास भएको हुँदा संवैधानिक इजलासमै सुनुवाइ गर्नुपर्ने तर्क राखिसक्नुभएको छ।

सर्वोच्च अदालतको संवैधानिक इजलासमा प्रतिनिधिसभा विघटनको मुद्दालाई संवैधानिक इजलासमा नै राख्ने वा बृहत् पूर्ण इजलासमा पठाउने विषयमा अधिवक्ता र न्यायाधीशबीच सवालजवाफ पनि भएको छ। यही पुस १० गते सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिनिधिसभा विघटन गर्नुपर्ने कारणसहित लिखित जवाफ पेश गर्न सरकारका नाममा आदेश जारी गरेको थियो। आदेशानुसार राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सभामुखबाट यही पुस १९ गते महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेश भइसकेको छ।

अदालतले प्रतिनिधिसभा विघटनसम्बन्धी सिफारिश र निर्णयको सक्कल प्रति राष्ट्रपति एवं तथा प्रधानमन्त्री कार्यालयबाट झिकाउने तथा प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता भएको खुल्ने गरी सक्कल रजिष्ट्रारसमेतका कागजात संङ्घीय सचिवालयबाट झिकाउने आदेश जारी गरेको थियो।

अदालतका निष्पक्ष मित्रमा नेपाल बार एशोसिएशनबाट वरिष्ठ अधिवक्ता कार्की, सतिशकृष्ण खरेल र विजयकान्त मैनाली तथा सर्वोच्च बार एशोसियशनबाट निर्वाचित अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्णमान शाक्य र वरिष्ठ अधिवक्ता गीता पाठक रहनुभएको छ।

प्रधानमन्त्रीका सिफारिशमा राष्ट्रपतिले यही पुस ५ गते प्रतिनिधिसभा विघटन गरेको निर्णयविरुद्ध १४ रिट निवेदन दर्ता भएका थिए। राष्ट्रपति तथा प्रधानमन्त्री कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाई विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशी श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गर्नुभएको थियो।

रिट निवेदनमा निवर्तमान सांसदले प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णयबाट प्रतिनिधिसभाको पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको जनाउँदै सो निर्णय बदर गर्न माग गरिएको छ। त्यस्तै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी तथा अधिवक्ता शालिकराम सापकोटा, ज्ञानेन्द्रराज आरण, समृत खरेल, कञ्चनकृष्ण न्यौपाने, सन्तोष भण्डारी, दीपक राई, अमिता गौतम, लोकेन्द्रबहादुर केसी, कमलबहादुर खत्री, मनिराम उपाध्याय, तुलसी सिंखडा र अच्युतप्रसाद खरेलले पनि निवेदन दायर गर्नुभएको थियो।

कानून व्यवसायीले दायर गरेको रिट निवेदनमा प्रधानमन्त्रीले गरेको सिफारिश र सो सिफारिशका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटनसम्बन्धी सम्पूर्ण कामकारवाही र सो सिफारिशका आधारमा भएगरेका सम्पूर्ण कार्य नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ बमोजिम उत्प्रेषणका आदेशबाट बदर गरी प्रतिनिधिसभाले गर्नुपर्ने काम सम्पन्न गर्न उपयुक्त आदेश गर्न माग गरिएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहि हुनुपर्छ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# जलविद्युत लगानी कम्पनीद्वारा नौ वर्षमा रु. १० अर्ब ८८ करोड ऋण लगानी

काठमाडौं, २ माघ (रासस)।

जलविद्युत् लगानी तथा विकास कम्पनीले ४७६ मेगावाट क्षमताका १३ वटा आयोजनामा रु १० अर्ब ८८ करोड ऋण लगानी गरेको जनाएको छ। कम्पनीले नवौं वार्षिक साधारणसभाका अवसरमा सार्वजनिक गरेको वित्तीय विवरणमा कम्पनीले लगानी गरेका आयोजनामध्ये ९०.६ मेगावाट क्षमताका चार आयोजना सञ्चालनमा आइसकेको उल्लेख छ।

चालु आर्थिक वर्षभित्रै कूल १८२ मेगावाट क्षमताका थप चार आयोजना सम्पन्न हुने तथा अन्य पाँच आयोजना निर्माणाधीन अवस्थामा छन्। कम्पनीको स्वपूँजीतर्फ कूल एक हजार ५४० मेगावाट क्षमताका पाँच आयोजना तथा चार सम्बन्धित क्षेत्रका कम्पनीमा रु नौ अर्ब ४५ करोड लगानी गरिसकेको कम्पनीले जनाएको छ।

चीन सरकारको स्वामित्वमा रहेको पावर चाइनासँगको सहकार्यमा १५६ मेगावाट क्षमताको माडी जलाशययुक्त जलविद्युत् आयोजना तथा ७५६ मेगावाट क्षमताको तमोर जलाशययुक्त आयोजनाको निर्माणका लागि सम्झौतापत्रमा हस्ताक्षर भइसकेको पनि कम्पनीको भनाइ छ। कम्पनीका अनुसार भारत सरकारको स्वामित्वमा रहेको एनएचपिसीसँगको सहकार्यमा दुई ठूला आयोजना अगाडि बढाउन सहमतिपत्रमा हस्ताक्षर गरी आयोजना पहिचानको काम भइरहेको छ।

हाल कम्पनीको अधिकृत पूँजी रु. ५० अर्ब, जारी पूँजी रु २२ अर्ब र हालसम्मको चुक्ता पूँजी रु १६ अर्ब ५० करोड पुगेको छ। कम्पनीले हालसम्म रु आठ अर्ब ३६ करोड कूल आम्दानी गरेको र त्यसमा रु पाँच अर्ब २२ करोड खुद नाफा गरेको छ। कम्पनीले हालसम्म नेपाल सरकारलाई रु एक अर्ब ८५ करोड आयकर तिरेको छ भने शेयरधनीलाई रु छ अर्ब २८ करोड लाभांश वितरण गरेको छ। लाभांशमध्ये नेपाल सरकारतर्फ रु दुई अर्ब १६ करोड र अन्य शेयरधनीतर्फ रु चार अर्ब १२ करोड वितरण भएको कम्पनीले जनाएको छ।

कम्पनीले आगामी आर्थिक वर्ष २०७८/७९ सम्म कूल ३३३९ मेगाबाट क्षमताका २३ आयोजनामा रु १० अर्ब ७६ करोड स्वपूँजी लगानी गर्ने लक्ष्य राखेको बताएको छ। साथै, ऋण लगानीतर्फ कूल २,८१० मेगावाट क्षमताका थप १४ आयोजना समेत गरी रु १२ अर्ब ६७ करोड पुऱ्याउने लक्ष राखेको छ। कम्पनीले आगामी १५ वर्षभित्र विद्युत् प्रसारण लाइनतर्फ रु १०० अर्ब लगानी गर्ने लक्ष्य राखेको पनि जनाएको छ।

अघिल्लो वर्षमा ११ अर्ब रुपैयाँ बराबरको अग्राधिकार शेयर जारी गर्ने निर्णय भएअनुसार सरकारका तर्फबाट रु पाँच अर्ब ५० करोड शेयरबापतको रकम प्राप्त भइसकेको र तीनवटा वित्तीय संस्थाबाट रु तीन अर्ब ३० करोड प्राप्त हुने प्रक्रियामा रहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत छविराज पोखरेलले बताउनुभयो। यसै आवभित्र सर्वसाधारणलाई रु दुई अर्ब २० करोड बराबरको अग्राधिकार शेयर जारी गर्ने कार्यका लागि कम्पनीको रेटिङ भइरहेको र यही माघ महिनाभित्रै अग्राधिकार शेयरका लागि सूचना जारी गर्ने तयारी भइरहेको पनि पोखरेलले जानकारी दिनुभयो।

# हरियो काठ कटान गरेको भन्दै समिल सिल

लहान, २ माघ (रासस)।

सामुदायिक वनबाट हरियो काठ कटान गरेको भन्दै डिभिजन वन कार्यालय लहानले यहाँका एक समिललाई सिल गरेको छ।

सामुदायिक वनभित्रको हरियो साल रुख अवैधरुपमा कटान गरी मिलमा ल्याएर चिरान गरिरहेको पाइएपछि कार्यालयले लहान नगरपालिका-३ स्थित राजकुमार समिललाई सिल गरेको हो।

डिभिजन वन कार्यालय लहानका रेञ्जर देवेन्द्र पासवानको नेतृत्वमा खटिएको गस्ती टोलीले समिलमा साल जातको हरियो काठ चिरान गरिरहेका अवस्थामा बरामद भएपछि तत्काल समिलमा सिल गरिएको कार्यालयका प्रमुख सुभाषचन्द्र दासले जानकारी

*बाँकी अन्तिम पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### बाइडेनद्वारा १९ खर्ब डलरको आर्थिक सहायता योजना सार्वजनिक

विलमिङटन, २ माघ (रासस-एएफपी)।

अमेरिकी नवनिर्वाचित राष्ट्रपति जो बाइडेनले बिहीबार आर्थिक समस्यासँग जुधिरहेको अमेरिकी अर्थतन्त्रलाई माथि उकास्न १९ खर्ब अमेरिकी डलरको महत्वाकांक्षी राहत प्याकेज घोषणा गर्नु भएको छ। राष्ट्रपति-निर्वाचित बाइडेनले आगामी बुधबार सपथ लिएसँगै उक्त राहत योजनालाई कार्यान्वयनमा ल्याउन पहल शुरु गर्नु हुनेछ। बाइडेनले अमेरिकाको छवि सुधार्न "नयाँ अध्याय" प्रारम्भ गर्न चाहेको बताउँदै आउनु भएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि महाभियोग लगाउने विषयमा अमेरिकी तल्लो सदनले बहुमतले प्रस्ताव पारित गरेसँगै अमेरिकी राजनीतिमा बाइडेनको प्रस्तावलाई ट्रम्पमाथिको महाभियोगले छायाँमा पारेको छ। आफ्नो गृहनगर विलमिङटनमा बोल्दै बाइडेनले "अमेरिकीहरुले चाँडै पुनरागमन गर्ने" विश्वास व्यक्त गर्नुभयो। "यो परिघटना रातारात सिर्जना भएको होइन। त्यसैले रातारात ठिक पनि हुने विषय होइन। र यसलाई सही मार्गमा ल्याउन हामी अलगिएर र विभाजित मुलुक भएर सम्भव पनि छैन।"

उहाँले अमेरिकी समाज र राष्ट्रलाई एकताको सूत्रमा बाँध्न र एक ठाउँमा ल्याउन हामी सबै अमेरिकी एकसाथ उभिनुको विकल्प छैन भन्नुभयो। अमेरिकी संसदका दुवै सदनमा डेमोक्रेट पार्टीको झिनो बहुमत प्राप्त भएकाले तेस्रो ठूलो आर्थिक राहतको योजना ल्याउन बाइडेनलाई सहज हुनेछ। करिब २५ मिनेट लामो टेलिभिजन सम्बोधनमा बाइडेनले राष्ट्रपति ट्रम्प, उहाँमाथिको महाभियोग वा संसदमा भएको आक्रमणका बारेमा कतै उल्लेख गर्नु भएन। बरु उहाँले कोरोना महामारीबाट सिर्जित दुईवटा संकट र त्यसबाट अर्थतन्त्रमा परेका संकटका बारेमा लामो चर्चा गर्नुभयो। संयुक्तराज्य अमेरिकामा कोभिड-१९ महामारीले अझ बढी सताउन थालेको छ भने खोप लगाउने अभियानमा पनि बाधा अड्चन देखापरिरहेका छन्। अमेरिकी उद्धार योजना नाम दिइएको बाइडेनको आर्थिक प्याकेजमा विश्वकै सर्वाधिक ठूलो अर्थतन्त्रलाई पुनर्जीवन दिने लक्ष्य राखेर अनेक उपायहरु अघि सारिएका छन्। तीमध्ये न्यूनतम ज्याला प्रतिघण्टा १५ डलर पुऱ्याउने महत्वाकांक्षी योजना पनि समावेश छ। साथै संघर्षरत राज्यहरु र स्थानीय सरकारहरुलाई आर्थिक सहायता दिने, विद्यालयहरु सुरक्षित तवरले खोल्ने, कोभिड-१९ खोप लगाउने कार्यलाई व्यापक बनाउने, बेरोजगार भत्ता कार्यक्रमलाई थप गर्ने तथा गत महिना कङ्ग्रेसले पारित गरेको तर सिनेटले रोकेको प्रति परिवार २००० अमेरिकी डलर दिने योजनालाई स्वीकृति गर्ने रहेका छन्।

सभामुख नान्सी पेलोसी र सिनेटमा डेमोक्रेटिक पार्टीका नेता चक सुमरले बाइडेनद्वारा अगाडि सारिने प्रस्तावलाई जतिसक्दो चाँडो पारित गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ। बाइडेनले आफ्नो कार्यकालको पहिलो १०० दिन १०० मिलियन (१० करोड) लाई खोप दिने अभियान सार्वजनिक गरिसक्नु भएको छ। अमेरिकी संसदका दुवै सदनमा डेमोक्रेटको झिनो बहुमत रहेकाले पनि बाइडेनले मनोनयन गर्नु भएका प्रमुख पदहरुको सुनुवाई छिटो हुने अपेक्षा गरिएको छ। यही जनवरी १९ मा सिनेटको वित्तीय समितिले प्रस्तावित अर्थमन्त्री जानेट येलेनको सुनुवाई गर्दैछ। त्यस्तै अर्को साता राष्ट्रिय गुप्तचर निकायका निर्देशकमा मनोनित एभरिल हेन्सको सुनुवाइ हुँदैछ।

### इण्डोनेसियामा भूकम्प ३४ मृत्यु

जाकार्ता, २ माघ (रासस/एएफपी)।

इन्डोनेसियाको सुलावेसी द्वीपमा शुक्रबार बिहान ६.२ म्याग्नीच्युडको शक्तिशाली भूकम्प गएको छ। यस भूकम्पमा परी कम्तीमा ३४ व्यक्तिको मृत्यु भएको प्रारम्भिक जानकारी दिएको छ। यस भूकम्पमा परेर एक अस्पताल र कयौं भवन भत्किनुको साथै र क्षतिग्रस्त भएको बताइएको छ। बिहान सबेरै आएको यस भूकम्पमा परी सुलावेसी द्वीपका सयौं व्यक्ति घाइते भएका जनाइएको छ। यस द्वीपमा साढे दुई वर्षअघि आएको भूकम्प र सुनामीमा परी हजारौं व्यक्तिको मृत्यु भएको थियो। सुलावेसी द्वीपको मामुजु शहरमा मात्र यस भूकम्पको कारण २६ जनाको मृत्यु भएको यहाँको प्रकोप नियन्त्रण विभागका प्रमुख अलि रहमान बताउनुभएको छ। भवनको भग्नावशेषमा अझै पनि व्यक्तिहरु पुरिएको अनुमान गरिएको छ।

त्यसैगरी मामुजु शहरबाट निकै टाढा रहेको दक्षिणी क्षेत्रमा भूकम्पको कारण आठ व्यक्तिको मृत्यु भएको छ। दुवैतर्फ गरी हालसम्म ३४ जनाको मृत्यु भएको प्रकोप नियन्त्रण विभागका अधिकारीहरुले जानकारी दिएका छन्। उद्धारकर्ताहरुले मामुजु अस्पतालको भग्नावशेषमा उद्धारकार्य जारी राखेका बताइएको छ। यस अस्पतालको भग्नावशेषमा बिरामी र अस्पतालका कर्मचारी गरी करिब दश जना पुरिएका अनुमान गरिएको छ। भूकम्पको कारण भएको धनजनको क्षतिलगायतका विस्तृत विवरण भने प्राप्त भएको छैन। अहिले प्रभावित क्षेत्रमा उद्धारकर्मी पुगेका छन्। सन् २०१८ मा इन्डोनेसियाको सुलावेसी र पालुमा आएको ७.५ म्याग्नीच्युडको भूकम्प र त्यसपछिको सुनामीमा परी ४ हजार ३०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो। सन् २००४ को डिसेम्बर २६ मा गएको ९.१ म्याग्नीच्युडको भूकम्प र त्यसपछि आएको शक्तिशाली सुनामीमा परी २ लाख २० व्यक्तिको मृत्यु भएको थियो। त्यसमा एक लाख ७० हजार इन्डोनेसियाली नागरिक रहेका थिए।

### बस र ट्रक आपस ठोक्किँदा ११ को मृत्यु

मुम्बाई २ माघ (रासस/सिन्ह्वा)।

भारतको दक्षिणपश्चिमी राज्य कर्नाटकमा भएको एक सडक दुर्घटनामा परेर कम्तीमा पनि ११ जना व्यक्तिको मृत्यु भएको बताइएको छ। समाचारमा बताइएअनुसार एउटा मिनीबस विपरित दिशाबाट आएको अर्को एक ट्रकसँग एकआपसमा ठोक्किँदा सो दुर्घटना भएको थियो। त्यसमा परी अरु सात जना घाइते भएका छन्। उनीहरुलाई अस्पताल पुऱ्याइएको छ। सो दुर्घटनामा परेर उक्त बसमा रहेका एकजना पुरुष सवारी चालक सहित ११ जनाको ज्यान गएको बताइएको छ। मृत्यु हुनेमा दश जना यात्रु महिला रहेको प्रहरीले जानकारी दिएको छ। सो दुर्घटनास्थल बैंगलुरुबाट ४३० किलोमिटर पर पर्दछ। प्रहरीले घाइते सबैलाई अस्पताल लगिएको बताएको छ। प्रहरीका अनुसार सो दुर्घटनामा परेकामध्ये पाँच जना महिलाको अवस्था चिन्ताजनक रहेको छ। ती यात्रुहरु पारिवारिक कामका लागि हिँडेका थिए। उनीहरु गोवा जान लागेको पनि प्रहरीले जानकारी दिएको समाचारमा जनाइएको छ।

# आँखा उपचार केन्द्रमा १८ हजारको उपचार




**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

सगरमाथा चौधरी आँखा अस्पताल उपचार केन्द्रमा १८ हजार आँखाका बिरामीहरुको उपचार भएको छ ।

राजविराज नगरपालिका वडा नं. ९ मलेठस्थित आँखा अस्पताल उपचार केन्द्रमा सन् २०२० को जनवरीदेखि डिसेम्बर सम्ममा झण्डै १८ हजार बिरामीको उपचार गरिएको कार्यालय प्रमुख रामकुमार झाले जानकारी दिएका छन् ।

कार्यालय प्रमुख झाका अनुसार उपचार सेवा पाएका मध्ये करिब २ हजार ३ सय ३१ जनामा मोतिया बिन्दुका बिरामी रहेका थिए । जसमध्ये १ हजार ७ सय ५२ जना भारतीय नागरिक समेतले उपचार पाएका छन् ।

कोभिड १९ का कारण सबै अस्पतालहरु बन्द भएको बेलामा पनि सधै संचालमा रहेको चौधरी आँखा अस्पतालमा दैनिक रुपमा स्वास्थ्य मापदण्ड अनुसार बिरामीको उपचार गरिएको प्रमुख झाको भनाई छ ।

तीस शैया रहेको अस्पतालमा हप्ताको प्रत्येक शुक्रबार मोतिया बिन्दुको शल्यक्रिया गर्ने गरिन्छ । साथै आँखाको बिरामी बढेको अवस्थामा हप्तामा दुई पटक पनि शल्यक्रिया गर्ने योजना रहेको प्रमुख झाले बताए ।

सन् २००२ मा स्थापना भएको आखा अस्पतालमा अहिले दैनिक रुपमा १ सय ५० देखि दुई सय सम्म आँखाका बिरामीहरु उपचारका लागि आउने गरेका छन् ।

यता कोरोना माहामारीका कारण सरकारले भारतीय सीमा नाका बन्द गरेपछि उपचारका लागि अस्पताल आउने भारतीय बिरामीको संख्या यस बर्ष घटेको अस्पतालले जनाएको छ ।

### *हरियो काठ ...*

दिनुभयो ।

अवैध तरिकाबाट वनक्षेत्रभित्रको साल जातको हरियो रुख कटान गरी चिरान गरिरहेको अवस्थामा उक्त समिलबाट वन कर्मचारीको ३६ थान चिरानको ३६ दशमलव ५३ क्यूविफिट काठ बरामद गरेको उहाँले बताउनुभयो । सो क्रममा समिल सञ्चालक र कामदार वन कर्मचारीलाई देखेर फरार भएको थियो । सो सालको काठ स्थानीय गोविन्द मुरारी सामुदायिक वनबाट कटान गरी ल्याएको बताइएको छ ।

### *चिसो बढेपछि ...*

ताप्ने व्यवस्था मिलाउन सक्ने स्थिति नरहेकाले गाउँपालिकाले दाउराको जोहो गरेर उनीहरुलाई न्यानो बाड्न खोजेको उनले बताए ।

चिसोले बालबालिका तथा बृद्धबृद्धाहरु बढी प्रभावित हुन थालेका छन् । बिहानै देखी चल्ने शितलहर र हुस्सुका कारण घरबाट अत्यावश्यक काम भए मात्र मानिस बाहिर निस्कने गरेका छन् ।

चिसोका कारण स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा निमोनिया, कोल्डडायरिया, रुघाखोकीका बिरामीको चाप बढेको अस्पतालका प्रमुख डा. रन्जित झाले बताए ।

यसअघि बिहीबार चिसोले जनजिवन कष्टकर बन्दै गएपछि २ नं. प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजको सहयोगमा बिहीबार नगरको विभिन्न ८ वटा सार्वजनिक स्थानमा आगो ताप्ने व्यवस्था मिलाएको थियो ।

### *युवा क्लवद्वारा ...*

बिद्यार्थीहरूलाई गोल्ड मेडलबाट सम्मानित गरेको बताए ।

यता आधारभुत बिद्यालय फर्सैठमा पुस्तकालय ब्यबस्थापन तथा बिद्यालयको गुणस्तरिय शिक्षामा टेवा पुर्‍याउनका लागी गणित र बिज्ञानको शिक्षकको ब्यबस्थापन गर्ने फर्सैठ युवा क्लवका महासचिव उमाशंकर यादबले जानकारी दिए ।

फर्सैठ युवा क्लवद्वारा राजबिराज ११ स्थित आधारभुत बिद्यालयका प्राङ्गणमा आयोजित सम्मान कार्यक्रम राजबिराज नगरपालिका शिक्षा शाखा प्रमुख भोगेन्द्र यादब, राजबिराज नगरपालिका लेखा अधिकृत उमाशंकर यादव, युवा क्लवका सल्लाहाकार परशुराम यादबलगायतको उपस्थिति रहेको थियो ।

### *दुई स्वास्थ्य ...*

चौकीका प्रमुख, रुपनी गाउँपालिका अध्यक्ष हरेराम यादव र प्रमुख प्रशासकिय अधिकृत रेनुका साह, वडा अध्यक्ष लक्ष्मिकान्त चौधरी, एनसीभी नेपालका अध्यक्ष गौतम यादव, कार्यक्रम व्यवस्थापक सागर शाही, प्रदेश संयोजक बिभुषण कार्की, इन्जिनियर हेम नारायण अर्याल, संस्थाका वित्तिय तथा प्रशासन अधिकृत इमरान अलि, टिम लिडर देव बिलाश यादव लगायतको सहभागिता रहेको थियो ।

# अमात युवा तदर्थ समिती गठन



**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

नेपाल अमात समाज कल्याण जिल्ला युवा तदर्थ समिती सप्तरी शुक्रबार चयन भएको छ ।

नेपाल अमात समाज कल्याण समिति सप्तरीको आयोजनामा जिल्लाको बिष्णुपुर गाउँपालिका वडा न. ६ स्थित रुद्र नारायण माविको प्राङ्गणमा सम्पन्न भेलाले सर्वसम्मत कार्यसमिति चयन गरेको हो ।

राम कुमार रायको संयोजकत्वमा गठित समितिको सदस्य सचिवमा रवी राय चयन भएका छन् भने सहसंयोजकमा माधव राय र अर्जुन मण्डल तथा सदस्यहरुमा हरि किशुन राय, चन्दन राय, दिपक राय लगायत ३५ सदस्यीय चयन भएका छन् ।

नेपाल अमात समाज कल्याण समिति सप्तरीका अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षता तथा नेपाल अमात समाज कल्याण समितिका केन्द्रिय उपाध्यक्ष तथा छिन्नमस्ताका अध्यक्ष सुर्य नारायण मण्डलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अमात जाति उत्थान र बिकासका लागी योगदान पुर्‍याउने २१ जना व्यक्तित्वहरुलाई मर्नोप्रान्त सम्मान गरिएको छ ।


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit · CITY EXPRESS · Best Remit Quick & Easy · PRABHU Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np